# मनाङ डिङस्याङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हुम्डे, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

Email: manangngisyangrmun@gmail.com
Website: nesyangmun.gov.np
Phone: 9856049460
Office: 9856049331


प.सं.:-०८०/८१
च. नं.:-

मिति : २०८१/१/६

## कृषि स्नातक प्राविधिक करारमा पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित सूचना मितिः २०८१/१/६)

यस मनाङ डिङस्याङ गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०८०/८१ अन्तर्गत कृषि स्नातक पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिनभित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस गाउँ कार्यपालिकाको कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १. | ४/२०८०/८१ | कृषि स्नातक | अधिकृत स्तर छैठौं तह सरह | १ जना |

**१. आवश्यक न्युनतम शैक्षिक योग्यता :**
क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविधालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको ।
ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई पुरुषमा ३५ वर्ष उमेर पुरा नभएको , महिलाको हकमा ४० वर्ष उमेर पुरा नभएको ।
ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको ।

**२. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु :**
क) शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपीहरु ।
ख) नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
ग) अनुभव वा तालिम भए सोको प्रमाण पत्रको प्रतिलिपी ।
घ) पासपोर्ट साईजको फोटो ३ प्रति ।

**३. दरखास्त दिने अन्तिम मितिः** सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिनभित्र तर २१ औं दिनमा सार्वजनिक विदा पर्न गएमा सोको लगतै कार्यालय खुलेको दिन

**४. आवेदन शुल्क :** एक हजार मात्र(राष्ट्रिय वाणिज्य बैंक हुम्डे, मनाङ शाखाको राजश्व खाता नं.३५६०१००३०१०१०००२ मा जम्मा गर्नुपर्ने ।)

**५. छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परिक्षा तथा अन्तर्वाता ।

**६. सेवा सुविधा :** स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि,२०८० को दफा ८ बमोजिम हुनेछ ।

**७. समयावधी :** २०८१ असार मसान्तसम्म (कार्यालयको आवश्यकता अनुसार थप गर्न सकिने )

**८.पदमा रही गर्नुपर्ने कामकाज :** तोकिएको कार्य विवरण बमोजिम ।

**९. आवेदनको ढाँचा,कार्यविवरण लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी मनाङ डिङस्याङ गाउँपालिकाको वेवसाईट nesyangmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।**

**पुनश्च :** म्याद नाघी आएका वा रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन । साथै ९८६४६४७५५६ (कृषि शाखा प्रमुखको) मोवाईल नम्बरमा कार्यालय समयमा सम्पर्क गरी थप जानकारी लिन सकिनेछ ।

२०८१।०१।०६

नविन क्षेत्री
नि. प्रमुख प्रशासकीय अधिकृत
**नि.प्रमुख प्रशासकिय अधिकृत**